प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

## बर्थिङ सेन्टर, सामुदायिक स्वास्थ्य इकाइ र शहरी स्वास्थ्य केन्द्र स्थापना गर्न तथा स्वास्थ्य संस्थाहरूमा औजार उपकरण उपलब्ध गराउन दिइने अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/१०/१६

यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रममा बर्थिङ सेन्टर, सामुदायिक स्वास्थ्य इकाइ र शहरी स्वास्थ्य केन्द्र स्थापना गर्न तथा स्वास्थ्य संस्थाहरूमा औजार उपकरण उपलब्ध गराउन अनुदान दिने कार्यक्रम रहेकाले अनुदानको प्रक्रियामा सहभागी हुन इच्छुक स्थानीय तहहरू र प्रदेश सरकार मातहतका अस्पतालहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र तोकिएको ढाँचामा प्रस्तावसहित देहायअनुसारको कागजातहरु सहित निवेदन सिधै वा सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयमार्फत् सामाजिक विकास मन्त्रालयमा पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रमको किसिम</th><th>आवश्यक कागजातहरु</th></tr>
<tr><td>१.</td><td>बर्थिङ सेन्टर स्थापनाका लागि अनुदान</td><td rowspan="3">१. कार्यविधिमा तोकिएको ढाँचामा रितपूर्वक भरेको प्रस्ताव ।<br>२. आवश्यक भौतिक पूर्वाधार निर्माणका लागि जग्गा सुनिश्चित भएको पत्र तथा अन्य कागजातहरु ।<br>३. जनशक्ति व्यवस्थापनको प्रतिबद्धता पत्र ।<br>४. भौतिक पूर्वाधार निर्माणका लागि प्राविधिक डिजाइन र लागत अनुमान ।<br>५. स्थानीय तहको योजना कार्यान्वयनको प्रतिबद्धता पत्र ।<br>६. भौतिक पूर्वाधार निर्माणका लागि स्थानीय तहले कुल लागतको २५% रकम व्यहोर्नेबारे कार्यपालिकाको निर्णय सहितको प्रतिबद्धता पत्र ।<br>७. औजार उपकरणका लागि अनुदान प्राप्त गर्न स्थानीय तह र अस्पतालहरूको औजार उपकरणको प्रभावकारी सञ्चालनसम्बन्धी प्रतिबद्धता पत्र ।<br>८. कार्यविधि र प्रस्तावमा उल्लेख गरिएका आवश्यक अन्य कागजात तथा विवरणहरू ।</td></tr>
<tr><td>२.</td><td>सामुदायिक स्वास्थ्य इकाइ / शहरी स्वास्थ्य केन्द्र स्थापनाका लागि अनुदान</td></tr>
<tr><td>३.</td><td>स्वास्थ्य संस्थाहरूमा औजार उपकरण उपलब्ध गराउन अनुदान</td></tr>
</table>

**पुनश्च**: थप जानकारीका लागि "बर्थिङ सेन्टर, सामुदायिक स्वास्थ्य इकाइ र शहरी स्वास्थ्य केन्द्र स्थापना गर्न तथा स्वास्थ्य संस्थाहरूमा औजार उपकरण उपलब्ध गराउन दिइने अनुदानसम्बन्धी कार्यविधि, २०७५" यस मन्त्रालयको वेभसाइटबाट डाउनलोड गरी हेर्न सकिनेछ ।

**थप जानकारीका लागि सम्पर्कः**

सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र सम्बन्धित स्वास्थ्य कार्यालयहरू

इमेलः ministrysocialdevpkr@gmail.com

Website: www.mosd.gandaki.gov.np

फोन नं: ०६१-४६७८२७, ०६१-४६७९१४